# खेलकुद विकास ऐन, २०४८

तथा

# खेलकुद विकास नियम २०४९

(संशोधनसहित)

## खेलकुद विकास ऐन-२०४८

खेलकुदको व्यवस्था गर्न बनेको ऐन

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. खेलकुद तथा संस्कृतिसम्वन्धी केही नेपाल ऐन ऐनलाई संशोधन गर्न बनेको ऐन २०५३ (प्रथम संशोधन) | २०५३/९/३ |
| २. शिक्षा तथा खेलकुद सम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश- २०६२ (दोस्रो संशोधन) | २०६२/१०/१७ |
| ३. शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (तेस्रो संशोधन) | २०६३/६/२८ |
| ४. शिक्षा तथा खेलकुद सम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) | २०६३/९/१४ |

**प्रस्तावना :** खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नका निमित्त खेलकुदसम्वन्धी तालिम सञ्चालन गरी सवै किसिमको खेलकुद आयोजना गर्न तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा नेपालको उपयुक्त सहभागितासमेतको आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्न वाञ्छनीय भएकोले, संसदले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम खेलकुद विकास ऐन २०४८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ **परिभाषा : विषय** वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "परिषद" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय खेलकुद परिषद् सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत जनाउनेछ ।

(घ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनुपर्छ ।

(ङ) "खेलकुद विकास समिति" भन्नाले दफा १२ बमोजिम गठित खेलकुद विकास समिति सम्झनुपर्छ

(च) "खेलकुदसम्वन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको खेलकुदसम्वन्धी संस्था सम्झनुपर्छ । [१]

(छ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. <u>परिषद्को स्थापनाः</u>** (१) खेलकुदको विकास गर्नको लागि राष्ट्रिय खेलकुद परिषद्को नामले एक परिषद्को स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषद्मा देहायका सदस्यहरु रहनेछन्: [२]

(क) शिक्षा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(क१) सचिव शिक्षा तथा खेलकुद मन्त्रालय[३] -सदस्य

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलजगतमा प्रतिभा आर्जन गरेका कम्तीमा तीन जना महिलासहित चार जना खेलाडी

---

[१] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित**

[२] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित**

[३] **शिक्षा तथा संस्कृतिसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०५३ (प्रथम संशोधन) द्धारा संशोधित**

गरी नेपाल सरकारबाट मनोनित बढीमा ११ जना [४]
-सदस्य

(ग) प्रत्येक विकास क्षेत्रका क्षेत्रिय खेलकुद विकास समितिबाट सिफारिस भई आएका एक-एक जना गरी पाँच जना[५]
-सदस्य

(घ) राष्ट्रियस्तरका खेलकुदसम्बन्धी संस्थाहरुबाट सिफारिस भई आएका व्यक्तिहरुमध्येबाट अध्यक्षले मनोनित गरेका तीन जना
-सदस्य

(ङ) नेपालका मान्यता प्राप्त विश्व विद्यालयका शिक्षाध्यक्ष वा खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुखहरुमध्येबाट सम्बन्धित विश्वविद्यालयले सिफारिस गरेका एक -एक जनामध्ये परिषद्ले मनोनित गरेका दुई जना[६]
-सदस्य

(च) प्रतिनिधि, शिक्षा तथा खेलकुद मन्त्रालय
-सदस्य

(२क) ..............................।[७]

(३) अध्यक्षले सदस्यहरुमध्येबाट परिषद्को उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षको नियुक्त गर्नेछ ।

(४) परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) परिषद्को प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

**४ परिषद्को संरक्षक :**

(१) प्रधानमन्त्री परिषद्को् संरक्षक हुनेछ ।[८]

---

[४] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (तेस्रो संशोधन) द्धारा संशोधित**

[५] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित**

[६] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित**

[७] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित**

(२) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेश गर्नेछ।[९]

४(क) **निर्देशन पालना गर्नुपर्ने** : संरक्षकले दिएको निर्देशन पालना गर्नु परिषद्को कर्तव्य हुनेछ । [१०]

## ५. परिषद् स्वशासित संगठित संस्था हुनेः

(१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सवै काम-कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्तिसरह चल अचल-सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्तिसरह नालिस, उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## ६ पदावधि :

१) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा वाँकी पदावधिका लागि दफा ३ को प्रक्रियाबमोजिम पदपूर्ति गरिनेछ ।

३) सदस्यले राजिनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ । [११]

(४) कुनै सदस्यले आफ्नो कर्तव्यपालन गरेको छैन भन्ने लागेमा परिषद्को सिफारिसमा नेपाल सरकारले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । यस्तो कारबाही गर्दा सम्वन्धीत सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

---

[८] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (तेस्रो संशोधन) द्धारा संशोधित**

[९] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (तेस्रो संशोधन) द्धारा संशोधित**

[१०] **शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा थप**

**७. सदस्यताको अयोग्यता:** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन ।

(क) गैर नेपाली नागरिक,

(ख) परिषद्मा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको वा

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्यबाहेक अन्य सदस्य ३५ वर्ष उमेर पुरा नभएको।**१२**

**८. सदस्यता समाप्त हुने अवस्था :** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ७ बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा,

**११ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (तेस्रो संशोधन) द्धारा संशोधित**

**१२ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा थप**

(ख) सदस्यले राजिनामा गरेमा १३

(ग) मृत्यु भएमा, वा

(घ) परिषद्लाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा वढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

९. **<u>परिषद्को बैठक र निर्णय :</u>**

(१) अध्यक्षबाट निर्देशन भएअनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थिति भएमा सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुर संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा दुइपटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिब माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीध्र बैठक बोलाउनुपर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) यस दफामा लेखिए देखि बाहेक बैठकसम्वन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

१०. <u>**परिषद्को काम, कर्तव्य र अधिकार**</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) खेलकुदको स्तरमा बृद्धि गर्न समय-समयमा जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुदका प्रतियोगिताहरुको आयोजना गर्ने ।

**१३ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा थप**

(ख) खेलकुद सम्वन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, परिषद्का सदस्य तथा कर्मचारीलाई विदेश पठाउने ।

(ग) नेपाल सरकारलाई खेलकुद सम्वन्धी कुरामा सल्लाह दिने ।

(घ) खेलकुद सम्वन्धी संस्थालई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकुद सम्वन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्वन्धमा प्रचारप्रसार गर्ने/गराउने ।

(च) खेलकुद सम्वन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने ।

(छ) खेलकुदको उत्तरोत्तर विकासका लागि आवश्यकतानुसार नेपाल राज्यभर रंगशाला तथा खेलकुद मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने ।

(ज) खेलकुदको विकासका लागि क्षेत्रीय, जिल्ला, नगर तथा गाँउ स्तरमा खेलकुद विकास समिति गठन गर्ने १४

(झ) खेलकुद सम्वन्धी संस्थालाई समय-समयमा आवश्यक निर्देशन दिने ।

ञ)	खेलाडीहरुको स्तर बृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नका लागि पठाउने ।
तर विदेशी प्रशिक्षक झिकाँउदा परिषद्‌ले नेपाल सरकारको पूर्वस्वीकृति लिएको हुनपर्नेछ।

(ट)	खेलाडीहरुलाई अर्थिक सहायता तथा छात्रबृति प्रदान गर्नका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ठ)	खेलाडीको स्वास्थ्यको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने।

**१४ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा संशोधित ।**

(ड)	विभिन्न कारणबाट शारिरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकता अनुसार त्यस्तो खेलकुदको महत्वको सम्वन्धमा प्रचारप्रसार गर्ने गराउने ।

(ढ)	खेलकुदको विकासका लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने/गराउने ।

**११.	<u>समिति वा उपसमिति गठन गर्न सक्ने :</u>**

(१)	परिषद्‌ले यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम बमोजिम आफुले गर्नुपर्ने कुनै काम गर्नका निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२)	उपदफा १ बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि परिषद्‌ले तोकेबमोजिम हुनेछ ।

**१२. <u>खेलकुद विकास समिति :</u> १५**

(१)	खेलकुदको विकास र विस्तार गर्नका लागि परिषद्‌ले तोके बमोजिम प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय खेलकुद विकास समिति, प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति र नगर तथा गाउँस्तरमा खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

(२)	उपदफा (१) बमोजिम गठित खेलकुद विकास समितिको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. खेलकुद सम्वन्धी संस्थाको दर्ता: १६**

(१) खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले परिषद्मा समेत दफा १४ बमोजिम दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्मा दर्ता नभएको खेलकुद सम्वन्धी संस्थाले नेपालभित्र खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

१५ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा शंशोधित

१६ शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्धारा शंशोधित

**१४. नाम दर्ताका लागि दरखास्त दिनुपर्ने :**

(१) परिषदको लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्वन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषद्मा नाम दर्ताका लागि दर्खास्त दिनुपर्नेछ :

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा १ बमोजिम दरखास्त दिँदा खेलकुद सम्वन्धी संस्थाले आफ्नो विधानको एक प्रति प्रतिलिपी समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ ।

**१५. खेलकुदसम्वन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :**

(१) दफा १४ बमोजिम नाम दर्ता गराउनका लागि खेलकुदसम्वन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पैंतिस दिनभित्र परिषद्ले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुदसम्वन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसिकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो खेलकुदसम्वन्धी संस्थालाई दिनुपर्नेछ ।

**१६. हेरफेरको सुचना गर्नुपर्ने :**

(१) यो ऐनबमोजिम परिषदको लगतमा नाम दर्ता भएको खेलकुद सम्वन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताका लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्तसाथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपरेको कारण सहितको सूचना पन्ध्र दिनभित्र परिषद्लाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिब देखेमा परिषद्ले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाइ लगत अद्यावधि बनाइराख्नुपर्नेछ ।

**१७. <u>खेलकुदसम्वन्धी संस्थाले हिसावको श्रेस्ता राख्नुपर्ने :</u>**

(१) खेलकुद सम्वन्धी संस्थाले आफ्नो आम्दानी-खर्चको हिसावको श्रेस्ता परिषद्ले तोकिदिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्वन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकुदसम्वन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा/गराउँदा आम्दानी खर्चको हिसाव-किताव अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब -किताब नियमित गर्न/गराउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुलउपर गर्न/गराउन आवश्यक कारबाही चलाउनुपर्नेछ ।

**१८. <u>परिषदले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्नसक्ने :</u>**

(१) परिषद्ले खेलकुद सम्वन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्वन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्वन्धी संस्था वा दफा १७ बमोजिम परिषद्ले तोकिएको ढाँचामा आफ्नो आम्दानी-खर्चको हिसाव-कितावको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धी संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा(२)बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकुद सम्वन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्वन्धीत खेलकुद संस्थालाई दिनु पर्नेछ ।

**१९. <u>परिषदको स्वीकृति लिनु पर्ने :</u>**

खेलकुद सम्वन्धी संस्थाले अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपाल राज्यमा हुने खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषद्को स्वीकृति लिनुपर्नेछ ।

**२०. <u>परिषद्को कोष :</u>**

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद सम्वन्धी प्रशिक्षण प्रदान गरेवापत लिने शुल्क,

(ग) खेलकुद प्रर्दशन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायतास्वरुप प्रदान गरेको रकम,

(ङ) अन्तर्राष्ट्रिय संघसंस्था, विदेशी सरकार वा ऐजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) को खण्ड(ङ) अन्तर्गत रकम प्राप्त गर्न परिषद्ले नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(३) परिषद्को नामबाट गरिने सवै खर्च कोषबाट बेहोरिनेछ ।

(४) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषदको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

**२०.क <u>सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने :</u> १७**

परिषद्ले आफ्नो कार्यसञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

**२१ . लेखा र लेखापरीक्षण**

(१) परिषद्को आय-व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

**खेलकुद तथा संस्कृतिसम्वन्धी केही नेपाल ऐनलाई शंसोधन गर्न बनेको ऐन २०५३(प्रथम संशोधन) द्धारा थप।**

(२) परिषद्को लेखापरिक्षण महालेखा महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को आय-व्ययको लेखा तत्सम्वन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**२२. सदस्यहरुको भत्ता :**

(१) सदस्यहरुले परिषद्को बैठकमा भाग लिएबापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले परिषद्को काम विशेषले भ्रमण गर्नुपरेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

**२३. सदस्य-सचिवको पारिश्रमिक र भत्ता :**

(१) सदस्य-सचिवले परिषद्मा पुरा समय काम गरेवापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) सदस्य-सचिवले भ्रमण गर्दा पाउने भ्रमण भत्ता तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ ।

**२४. परिषद्को कर्मचारी :**

(१) परिषद्ले आफ्नो कोषबाट खर्च बेहोर्ने गरी आवश्यकतानुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य सर्तहरु तोकिएबमोजिम हुनेछ ।

२४क. **कर्मचारी संघ :** परिषद्का तोकिएका श्रेणीका प्राविधिक, प्रशासनिक र श्रेणीविहिन कर्मचारीले तोकिए बमोजिम पेसागत संघसस्था गठन गर्न सक्नेछन् । **१८**

**२५ . अधिकार प्रत्यायोजन :** परिषद्ले यो ऐन वा यस अन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सवै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव,

कोषाध्यक्ष, सदस्य वा परिषद्का कुनै कर्मचारी वा समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३ (चौथो संशोधन) द्वारा थप**

२६. **नेपाल सरकारले निर्देशन दिन सक्ने :**

(१) नेपाल सरकारले खेलकुदको विकास गर्नका लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२७. **सजाय :**

(१) परिषद्को कुनै कर्मचारीले जानीजानी वा लापरबाही गरी वा बदनियतसाथ परिषद्लाई हानी-नोक्सानी पुऱ्याएमा निजबाट बिगो असुल गरी निजलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) परिषद्को कुनै कर्मचारीले परिषद्को लेखापरिक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको कामकाजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्तो कर्मचारीलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक परिषद्को कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम-कारबाही गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२८. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य पूर्तिका लागि परिषद्ले नेपाल सरकारको स्वीकृति लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२९. **नेपाल सरकारसँग सम्पर्क :** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत राख्नेछ ।

३०. **खारेजी र बचाउ :**

(१) राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ खारेज गरिएको छ र सो ऐन बमोजिम स्थापित खेलकुद परिषद्को सवै चलअचल सम्पत्ति परिषद्मा सर्नेछ ।

(२) राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद् सित भए/गरेका सवै ठेक्कापट्टा तथा सम्झौताहरु परिषद्सित भए गरेको मानिनेछ र सो राष्ट्रिय खेलकुद परिषद्बाट भए /गरेका सम्पुर्ण काम-कारबाही परिषद्बाट भए /गरेको मानिनेछ ।

(३) राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ बमोजिम राष्ट्रिय खेलकुद परिषद्को लगतमा नाम दर्ता भएका खेलकुदसम्वन्धी संस्थाहरुको नाम दर्ता यसै ऐनबमोजिम भए/ गरेको मानिनेछ ।

(४) राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ बमोजिम विभिन्न मितिमा गठित खेलकुद विकास समितिहरु यो ऐन बमोजिम अर्को खेलकुद विकास समितिहरु गठन नभएसम्म कायम रहनेछन् ।

## खेलकुद विकास नियम, २०४९

**स्वीकृत मिति**

खेलकुद विकास (प्रथम संशोधन) नियम २०५४
२०५४/९/२३
खेलकुद विकास (दोस्रो संशोधन) नियम २०६०
२०६०/११/२७
खेलकुद विकास (तेस्रो संशोधन) नियम २०६२
२०६३/१/३
खेलकुद विकास (चौथो संशोधन) नियम २०६३
२०६३/१२/०१
खेलकुद विकास (पाँचौ संशोधन) नियम २०६४
२०६४/२/१०

खेलकुद विकास ऐन, २०४८ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकुद परिषद्ले नेपाल सरकारको स्वीकृति लिई देहाय बमोजिमको खेलकुद विकास नियम, २०४९ बनाएको छ ।

<u>**परिच्छेद-१**</u>

**प्रारम्भिक**

१. **सक्षिप्त नाम र प्रारम्भ :** १ यो नियमको नाम खेलकुद विकास नियम २०४९ रहेको छ ।

२. यो नियम तुरुन्त लागू हुनेछ ।

२. <u>**परिभाषा :**</u> विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) “ऐन” भन्नाले खेलकुद विकास ऐन, २०४८ लाई सम्झनुपर्दछ।

(ख) “नियम” भन्नाले ऐनको दफा २८ बमोजिम नेपाल सरकारको स्वीकृति लिई परिषद्ले बनाएको खेलकुद विकास नियम २०४९ लाई सम्झनुपर्छ ।

(ग) “परिषद्” भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनुपर्छ ।

(घ) “अध्यक्ष” भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “उपाध्यक्ष” भन्नाले परिषद्को उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) “सचिव” भन्नाले परिषद्को सदस्य-सचिवलाई सम्झनुपर्छ ।

(छ) “कोषाध्यक्ष” भन्नाले परिषद्को कोषाध्यक्षलाई सम्झनुपर्छ ।

(ज) “सदस्य” भन्नाले परिषद्को सदस्यलाई सम्झनुपर्छ ।

(झ) “सचिवालय” भन्नाले परिषद्बाट नियुक्त कर्मचारीलाई सम्झनुपर्छ । **१९**

(ट) “खेलकुद विकास समिति” भन्नाले ऐनको दफा १२ बमोजिम गठित क्षेत्रीय र जिल्ला खेलकुद विकास समितिलाई सम्झनुपर्छ । **२०**

(ड) “खेलकुदसम्वन्धी संघहरु” भन्नाले नेपाल ओलम्पिक कमिटी तथा विभिन्न खेलका आ-आफ्ना राष्ट्रिय खेलकुद संघहरु र सोअन्तर्गतका क्षेत्रीय र जिल्ला संघहरुलाई सम्झनुपर्दछ ।२१

(ढ) “बोर्ड सचिव” भन्नाले परिषद्ले बोर्डको कार्य सम्पादन गर्नका लागि नियुक्त गरिएको बोर्ड सचिव लाई सम्झनुपर्छ ।

<u>**परिच्छेद -२**</u>

३. <u>**परिषद्को उद्देश्य :**</u> परिषद्को उद्देश्य देहायबमोजिम हुनेछन् :

(क) राष्ट्रिय खेलकुद परिषद्ले समाजमा अनुशासित गतिशील नागरिक तयार गर्न खेल संस्कारको विकास गर्ने ।२२

ख) देशमा भइरहेको वा हुने खेलकुदसम्वन्धी सम्पुर्ण गतिविधिलाई विकासका निम्ति एकसुत्रमा आवद्ध गराउने ।

ग) देशमा खेलकुदको सञ्चालन गर्ने सवै निकायहरुका बीच समन्वय गरी खेलकुद विकास गर्न सघाउ पुर्‍याउने ।

घ) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने ।

**१९.खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

**२०.खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

**२१.खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

**२२.खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

ङ) खेलकुदको गतिविधिलाई संस्थागत रुपमा विकसित गर्दै लैजाने ।

च) प्रशिक्षण र प्रतियोगिताका अवसरहरुलाई विकेन्द्रीकरण गर्दै समानुपातिक विकास गर्दै लैजाने ।

छ) खेलकुदलाई जनजीवनको अभिन्न अंग बनाउन जनसहभागिता बृद्धि गर्दै लैजाने।

ज) निरन्तर अध्ययन-अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी बैज्ञानिक र स्तरयुक्त बनाउँदै स्तरीय खेलाडी उत्पादन गर्ने गरी उनीहरुको कार्यदक्षताबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा राष्ट्रको गौरवमा अभिबृद्धि गर्ने ।

झ) खेलकुद विकास निमित्त आवश्यक भौतिक पूर्वाधारहरुको योजनाबद्ध तरिकाबाट क्रमिक रुपमा तयार गराउँदै जाने ।

ञ) खेलकुदको माध्यमबाट जनजीवनको शारिरिक तथा मानसिक विकास गर्ने ।

ट) खेलकुदमा महिला सहमागिता अभिबृद्धि गर्न प्रोत्साहित गर्ने ।

ठ) अपाङ्ग तथा सुस्तमनस्थितिका लागि पनि उपयुक्त खेलकुदको आयोजना गर्ने/गराउने ।

ड) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी तथा यस अन्तर्गतका निकायहरु लगायत अन्तराष्ट्रिय खेलकुद महासंघसँग आबद्ध विभिन्न खेलहरुसँग सम्वन्ध र समन्वय स्थापित गरी राष्ट्रियस्तरमा विभिन्न खेलकुदका राष्ट्रिय संघहरुको गठन गर्ने । **२३**

ढ)	खेलाडीको स्वास्थ्य सम्वन्धमा आवश्यक कार्यक्रम बनाई लागू गराउने । २४

ण)	प्रतिबन्धित औषधिहरुका बारेमा चेतना अभिबृद्धि गर्ने । **२५**

त )	खेलकुदको विषयमा अनुसन्धान केन्द्र स्थापना गर्न आवश्यक

पहल गर्ने । **२६**

**२३.  खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**२४. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**२५ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

थ)	खेलहरुको वर्गीकरण गर्न प्राथमिकता निर्धारण गर्ने । **२७**

द)	खेलकुदमा निजी क्षेत्रको संलग्नता अभिबृद्धि गर्ने ।**२८**

ध)	खेलकुदप्रति रुचि पैदा गर्ने र खेलकुदका लागि अनुकूल वातावरण सिर्जना गर्ने । **२९**

न)	खेलकुदमा लागेका व्यक्तिहरुको पेशागत विकास गर्ने । ३०

**४ <u>परिषद्को बैठक :</u>**

क)	बैठकको अध्यक्षता, बैठक बोलाउन माग गर्न सक्ने गणपुरक संख्या र निर्णायक मतसम्वन्धी व्यवस्थाका हकमा ऐनको दफा ९ मा उल्लेख भएबमोजिम हुनेछ ।

ख)	अध्यक्षबाट निर्देशन भएअनुसार सचिवले परिषद्को बैठक बोलाउने।

ग)	परिषद्को निर्णय अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

घ)	परिषद्को बैठक सञ्चालनसम्वन्धी अन्य कायविधि परिषद् आफैले निर्धारण गर्नेछ ।

ङ)	बैठकको निर्णय पुस्तिका राख्ने जिम्मेवारी सचिवको हुनेछ ।

च)	बोर्ड सचिवले बैठकको माइन्युटिङ्ग, पत्राचार अभिलेख राख्ने तथा सचिवले लाए, अह्राएको र दिएको निर्देशनबमोजिम काम गराउने।

**५. पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार :-**

ऐनको दफा १० समेतका अधिकार तथा कर्तव्यहरुको अधिनमा रही परिषद्का पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमाजिम हुनेछ ।

**क) अध्यक्ष :** (१) ऐन तथा नियममा उल्लेख भएका विषयहरु लगायत खेलकुदको विकास विस्तारसमेतका सम्वन्धमा

**२६ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**२७ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**२८ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**२९ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**३० खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

परिषद्लाई आवश्यक निर्देशन दिने ।

२)	नियमको कार्यान्वयन गर्नका लागि आवश्यक निर्देशन दिने ।

**ख) उपाध्यक्ष :**

अध्यक्षको अनुपस्थितिमा परिषद्को अध्यक्षता गर्ने ।

**ग) सचिव :**

१)	अध्यक्षले दिएको निर्देशनबमोजिमका काम कुरा गर्ने/गराउने ।

२)	परिषद्को बैठकको लागि विषयसूची तयार गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३)	परिषद्को सचिवालय **स्थापना गर्ने ३१** र सो अन्तर्गतका कार्यालयहरुका कर्मचारीहरुको ऐन तथा नियम समेतका कानुनमा

व्यवस्था भएबमोजिम नियुक्ति, सरुवा, बढुवा दण्ड सजाय लगायतका अन्य विभागीय कारबाहीहरु गर्ने/गराउने ।

४) परिषद्को आर्थिक प्रशासन सम्वन्धी नियमावली तथा उक्त नियमावली अन्तर्गत बनेको आर्थिक निर्देशिका अनुरुप आर्थिक कारोबार सञ्चालन गर्ने/गराउने ।**३२**

५) खेलकुदसम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एकाइहरुसँग सम्पर्क र समन्वय कायम गर्ने ।

६) ऐनको दफा १० मा उल्लेख भएको परिषद्को अधिकार, कर्तव्यहरु परिषद्को निर्णयानुसार कार्यान्वयन गर्ने /गराउने ।

७ ) खेलकुद विकास सम्वन्धी वा अन्य अपर्भ्हटरुपमा आइपरेका कार्यहरु गर्ने । त्यसो अपर्भ्हटरुपमा आइपरेका कार्यहरु परिषद्को बैठकबाट अनुमोदन गराउने । अपर्भ्हटरुपमा गर्नु परेका कार्यहरुको जानकारी सम्भव भएसम्म अध्यक्षलाई जानकारी दिई गर्ने ।

**३१ खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**३२ खेलकुद विकास नियम २०४९(तेस्रो संशोधन २०६२) द्धारा थप शंशोधित**

८) दैनिक प्रशासनसम्वन्धी कार्य गर्ने/गराउने ।

९) सचिवको आफ्नो अधिकारमध्ये कुनै वा आफ्नो अनुपस्थितिमा सबै अधिकार सदस्य वा कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१०) बार्षिक कार्यक्रम तयार गरी परिषद्को बैठक पेश गर्ने ।

११) सदस्य-सचिवको पारिश्रमिक तथा भत्ता र दैनिक भ्रमण भत्ता परिषद्ले निर्णय गरेबमाजिम हुनेछ

१२) नियमको कार्यान्वयन गर्ने/गराउने ।

क) परिषद्को स्वीकृती लिई बढीमा ५ जना सम्मको अवैतनिक सल्लाहकार समिति गठन गर्ने।**३३**

ख) राष्ट्रिय महासंघ तथा संघहरुको दर्ता स्वीकृती प्रदान गर्ने । **३४**

१३) बोर्ड सचिवको नियुक्ति सेवा सर्त सम्वन्धमा परिषद्ले निर्णय गरे बमोजिम गर्ने ।

१४) अन्तर्राष्ट्रिय ओलम्पिक प्रतियोगिता एसियाली खेल प्रतियोगिता , दक्षिण एसियाली खेल प्रतियोगिता लगायतका खेल प्रतियोगिताहरुमा नेपालको

तर्फबाट सेभ द मिसनको रुपमा नेपाली टोलीको नेतृत्व गर्दै नेपालको तर्फबाट सहभागिता जनाउने । **३५**

(ग) **कोषाध्यक्षः**

१. परिषद्को आर्थिक बजेट तयार गर्ने/गराउने लगाउने ।

२. नेपाल सरकारमा बजेट माग र प्रगति पेस गर्ने गराउन लगाउने ।

३. आर्थिक कारोबार सम्वन्धी विषयमा आवश्यक सुझाव तथा सिफारिस पेश गर्ने ।

४. परिषद्का लागि अर्थोपार्जन योजना बनाउने र सो अनुरुप संकलन गर्ने/गराउने ।

**३३. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**३४. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

**३५. खेलकुद विकास नियम (तेस्रो संशोधन २०६२) द्धारा थप गरिएको**

५. परिषद्बाट तोकिएको अन्य विषयहरुमा तोकिबमोजिम कार्य सम्पादन गर्ने/गराउने ।

६. लेखा परीक्षण गर्न, गर्न लगाउने ।

**घ) सदस्य :**

१.परिषद्ले तोकिएको कार्य सम्पादन गर्ने/गराउने ।

**६. परिषद्का सदस्यहरुलाई दिइने सुविधाहरु :**

परिषदका सदस्यहरुलाई देहायका कुराहरुमा परिषद्ले निर्धारण गरे अनुसारको रकमको सुविधा प्रदान गरिनेछ ।

क) परिषद्बाट तोकिएबमोजिमको बैठक भत्ता ।

ख) परिषद्को कामले राष्ट्रिय वा अन्तर्राष्ट्रिय भ्रमण गर्दा परिषदबाट निर्णय गरेबमोजिम दैनिक भ्रमण भत्ता ।

ग) परिषद्को कामको सिलसिलामा सवारी साधन प्रयोग गर्दा लागेको इन्धन खर्च वा यस्ता अन्य खर्चहरु ।

घ) परिषद्को बैठकबाट निर्णय भएका अन्य सम्वन्धित खर्च ।

<u>परिच्छेद-३</u>

**<u>खेलकुद सम्वन्धी संस्था, प्रतियोगिता र गोष्ठी सम्मेलन:</u>**

**७. परिषद् मातहतका खेल, संघ संस्था र समितिहरु : ३६**

१) प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय खेलकुद विकास समिति, जिल्लामा जिल्ला खेलकुद विकास समिति र आवश्यकता अनुसार गठन गरिएका नगर तथा गाउँस्तरीय खेलकुद विकास समितिहरु रहनेछन् ।

२) नेपाल ओलम्पिक कमिटि लगायत सम्पुर्ण राष्ट्रिय खेलकुद, संघहरु तथा खेलकुद गतिविधि सञ्चालन गर्न संस्थाको रुपमा परिषद्मा दर्ता भएको खेलकुद सम्वन्धी संघसंस्था वा क्लबहरु ।

३) नेपाल ओलम्पिक कमिटी हाल गठन भई कार्यरत रहेको नेपाल ओलम्पिक कमिटी यो नियम लागू भएपछि यसै नियमावली बमोजिम गठन भएको मानिनेछ । तर यसको सम्पूर्ण कार्याविधि नेपाल ओलम्पिक कमिटीको स्वीकृत विधानअनुसार हुनेछ ।

**३६. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा थप गरिएको**

४) संघ दर्ता सम्वन्धमा देहायबमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

क) नाम दर्ताको दर्खास्त दिनुपर्ने-परिषद्को लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्वन्धी संस्थाले देहायको कुराहरु खुलाई परिषद्मा नाम दर्ताका लागि दर्खास्त दिनुपर्नेछ ।

१. संस्थाको नाम र ठेगाना ।

२. सञ्चालन गर्ने खेलकुदको किसिम ।

३. कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेसा ।

ख) खण्ड (क) बमोजिम नाम दर्ता गराउनका लागि खेलकुद सम्वन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त गरेको मितिले ३५

दिनभित्र परिषद्ले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

ग) खण्ड (ख) बमोजिम लगतमा दर्ता गरेकोमा दर्ता गरेको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो खेलकुदसम्वन्धी संस्थालाई दिनुपर्नेछ ।

घ) हेरफेरको सूचना दिनुपर्ने- यो नियमबमोजिम परिषद्को लगतमा नाम दर्ता भएको खेलकुद सम्वन्धी संस्थाले नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर गर्नुपरेमा हेरफेर गर्नुपरेको कारण सहित खुलाई संघको साधारणसभाबाट हेरफेरसम्वन्धी निर्णयसमेत संलग्न राखी परिषद्समक्ष दरखास्त दिनुपर्नेछ ।

त्यसरी दरखास्त परेकोमा हेरफेर गर्नुपर्ने मनासिव देखि परिषदले हेरफेरको निर्णय गर्न सक्नेछ । परिषद्ले त्यस्तो हेरफेरको निर्णय गरेकोमा सो व्यहोरा आफ्नो लगतमा अध्यावधिक बनाइराख्नु पर्नेछ । परिषद्ले आफ्नो लगत अध्यावधिक गराई संघको नाम, विधान हेरफेर नगरेसम्म कुनै हेरफेर भएको मानिने छैन ।

ङ) यो नियम लागू भएपछि दर्ता हुने राष्ट्रिय संघहरुको हकमा परिषद्ले एक बर्षको परीक्षणकालमा राख्नेछ । एक बर्षको अवधिमा पाँच विकास क्षेत्रमा गरी कम्तीमा १५(पन्ध्र) जिल्लामा सम्वन्धीत खेलको जिल्ला संघहरु गठन गरी सूचना परिषद्लाई दिनुपर्नेछ । अन्यथा परिषद्ले त्यस्तो खेलकुदसम्वन्धी संघको दर्ताको लगतकट्टा गर्न सक्नेछ । तर सवै जिल्लामा जिल्ला संघ गठन गर्न सम्भावना नभएका खासखास खेलकुद संघको हकमा पाँच विकास क्षेत्रमा घटीमा दश वटा जिल्ला खेलकुद संघ गठन गर्नुपर्नेछ ।

च) जिल्लास्तरीय खेलकुदसम्वन्धी संघ, संस्था तथा क्लवहरुले सम्वन्धित जिल्ला खेलकुद विकास समितिमा नै संघसस्था दर्ता गर्न सक्नेछ ।

५ उपनियम (४) बमोजिम दरखास्त दिँदा खेलकुद सम्वन्धी संस्थाले आफ्नो विधानको एक प्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ । विधान परिषद्ले तोकेको ढाँचामा हुनुपर्नेछ ।

६. विभिन्न खेलका राष्ट्रिय संघहरु गठन गर्दा कुनै पनि एक खेलको एउटै मात्र राष्ट्रिय संघको गठन तथा मान्यता प्रदान गरिनेछ । परिषद्ले राष्ट्रिय संघको मान्यता प्रदान गरी गठन भएका वा दर्ता भएका राष्ट्रिय संघहरुबाहेक अन्य खेलकुद संघ, संस्था वा क्लबहरु स्थानीय स्तरका संघ, संस्था वा क्लबको रुपमा मात्र दर्ता भएको मानिनेछ ।

७) परिषद्मा दर्ता रहेका खेलसम्वन्धी संघहरुमा एउटै व्यक्ति एकभन्दा बढी संघको अध्यक्ष र महासचिव पदमा बस्न पाउने छैन । परिषद्मा कार्यरत कर्मचारीहरु परिष्दको स्वीकृतीबेगर कुनै पनि संघको कार्यसमितिमा बस्न पाउने छैन ।

८) एउटै चरित्रका धेरै विधाको खेलहरुमा महासंघ गठन गरिनेछ । महासंघको कार्यविधि परिषद्वाट स्वीकृत विधानअनुसार हुनेछ ।

९) खेलकुदलाई व्यवस्थित गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय खेलाडी संघ, राष्ट्रिय खेलाडी संघ र भूतपूर्व खेलाडी संघ गठन गर्न सकिनेछ। त्यस्ता संघहरुको सञ्चालन सोही संघहरुको विधान बमोजिम हुनेछ ।

१०) परिषद्ले खेलकुदसम्वन्धी संघसंस्थालाई निर्देशन दिन सक्नेछ । परिषद्ले दिएको निर्देशन दिन सक्नेछ । परिषद्ले दिएको निर्देशन खेलकुदसम्वन्धी संघ,संस्था, समितिले पालना गर्नुपर्नेछ ।

## ८. <u>खेलकुद प्रतियोगिताहरु :</u>

क) परिषद्ले खेलकुदका सवै प्रतियोगिताहरु अन्यथा निर्धारण गरेबाहेक राष्ट्रिय संघद्धारा सञ्चालन गर्ने वा गराउनेछन् ।

ख) यस्ता प्रतियोगिताहरु अन्तराष्ट्रिय महासंघहरुको मान्यता प्राप्त खेलको सन्दर्भमा अन्तर्राष्ट्रिय खेलसम्बन्धि नियमहरु र परिषद्को सहमति समेतका आधारमा राष्ट्रिय संघद्धारा पारित नियमावली अर्न्तगत र अन्तर्राष्ट्रिय महासंघको मान्यता प्राप्त नगरेका खेलको हकमा राष्ट्रिय संघद्धारा परिषद्को स्वीकृति प्राप्त नियमहरुअन्तर्गत सञ्चालन गरिन्छ ।

ग)	परिषद् स्वयम्ले वा सम्बन्धित राष्ट्रिय खेलकुद संघहरुमार्फत कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने, गराउने वा त्यस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागिता गर्न /गराउन सक्नेछ ।

घ)	परिषद्ले आफैले वा राष्ट्रिय खेलकुद संघद्धारा मैत्रीपुर्ण राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद आयोजना गर्ने गराउने ।

## ९. खेलकुद गोष्ठी वा सम्मेलन :-

परिषद्ले आवश्यकतानुसार खेलकुदसम्वन्धी राष्ट्रिय वा अन्तराष्ट्रिय सभा, गोष्ठी सम्मेलन वा अनुसन्धान गर्न/गराउन सक्नेछ ।

## १० . अनुशासन, आचरण तथा सजाय सम्वन्धी  कार्यविधिः-

(क)	खेलकुदमा संलग्न खेलाडी, आयोजक, निर्णायक र रेफ्री, जज, जुरी टुर्नामेण्ट डाइरेक्टर, टोलीनेता, टोली व्यवस्थापक, प्रशिक्षकको काम, कर्तव्य तथा आचरण निर्धारण गरी त्यसका विपरित भए गरेमा हुने दण्ड सजाय तथा सजाय समेत सम्वन्धी कार्यविधि छुट्टै व्यवस्थित हुनेछ ।

(ख)	कुनै पनि खेलकुदसम्वन्धी संस्था वा खेलकुद विकास समितिले प्रचलित कानुन वा परिषद्ले दिएको निर्देशनको पालना नगरेमा वा खेलकुदसम्वन्धी संस्था वा खेलकुद विकास समिति खेलकुदको उद्देश्यको प्रतिकुल जान लागेको कुरा परिषद्लाई लागेमा वा तत्काल उत्पन्न प्रतिकुल परिस्थितिबाट परिषदलाई सो खेलकुदसम्वन्धी संस्था र खेलकुद विकास समितिलाई विघटन, पुर्नगठन, वा भंग गर्नुपर्ने लागेमा सो अनुसार गर्नेछ ।

(ग)	कुनै पनि संघले परिषद्ले दिएको निर्दशन पालना गर्नुपर्नेछ । त्यस्ता संघले परिषद्ले दिएको निर्देशन पालना नगरेमा वा खेलकुदको उद्देश्यको प्रतिकुल जान लागेको कुरा परिषद्लाई लागेमा परिषद्ले त्यस्ता संघ पुर्नगठन वा भंग गर्न सक्नेछ । संघलाई विघटन वा भंग गर्न अगावै त्यस्ता संघलाई सफाइको मौका दिनुपर्छ ।

**तर निर्वाचित नेपाल ओलम्पिक कमिटीको हकमा कुनै पनि कारबाही गर्नुभन्दा अगाडि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिको सम्बन्धित निकाय वा पदाधिकारीसँग परामर्श गरी मात्र कारबाही गरिनेछ ।**[३७]

(घ) उपदफा (ख) वा (ग) बमोजिम संघ, संस्था वा खेलकुद विकास समिति विघटन वा भंग भएमा परिषद्ले त्यस्तो संघ, संस्था वा खेलकुद विकास समितिको तदर्थ समिति गठन गर्न सक्नेछ । त्यस्तो तर्दथ समितिले परिषद्को निर्देशनबमाजिम कार्य गर्नुपर्नेछ ।

**३७. खेलकुद विकास नियम(तेस्रो संशोधन २०६२) द्धारा थप गरिएको**

## परिच्छेद-४
## (परिषद्को कोष सञ्चालन)

**११. परिषद्को कोषः**

(क) परिषद्को आफ्नो एक छुट्टै कोष हुनेछ, जसमा ऐनको दफा २० मा उल्लेख भएबमोजिमका रकमहरु समावेश हुनेछन् ।

**(ख) कोषबाट खर्चः** परिषद्का तर्फबाट गर्नुपर्ने सवै खर्च परिषद्ले बनाएको आर्थिक नियम बमोजिमको प्रक्रिया अपनाई खर्च गरिनेछ ।

## परिच्छेद-५
## (क्षेत्रिय, जिल्ला, नगर तथा गाउँ खेलकुदसम्वन्धी व्यवस्था) ३८

**१२. क्षेत्रीय खेलकुद विकास समितिसम्वन्धी व्यवस्था : ३९**

**१.** क्षेत्रीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) परिषद्ले मनोनित गरेको व्यक्ति | अध्यक्ष |
| (ख) परिषद्ले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| (ग) परिषद्ले मनोनित गरेको व्यक्ति | कोषाध्यक्ष |

(घ) प्रतिनिधि(अधिकृत स्तर) क्षेत्रीय प्रशासन कार्यालय सदस्य

(ङ) प्रतिनिधि - अधिकृत स्तर) नेपाली सेनाका क्षेत्रीय कार्यालय सदस्य

(च) प्रतिनिधि-अधिकृत स्तर सशस्त्र प्रहरी बलका क्षेत्रीय कार्यालय सदस्य

(छ) प्रतिनिधि-अधिकृत स्तर नेपाल प्रहरीका क्षेत्रीय कार्यालय सदस्य

(ज) प्रतिनिधि(अधिकृत स्तर) क्षेत्रीय शिक्षा निर्देशनालय सदस्य

(झ) खेलकुदसँग सम्वन्धीत व्यक्तिहरु

**३८. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

**३९. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा संशोधित**

मध्येबाट परिषद्द्वारा मनोनित कम्तीमा ३ महिला सहित ७ जना -सदस्य

ञ) जिल्ला खेलकुद विकास समितिहरुमध्येबाट परिषद्द्वारा मनोनित २ जना -सदस्य

(ट) क्षेत्रीय खेलकुद विकास समितिको कार्यालय प्रमुख -सचिव

२. क्षेत्रीय खेलकुद विकास समितिले आफ्नो कार्य सञ्चालनका लागि क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्षको अध्यक्षतामा एउटा कार्यसमिति गठन गर्न सक्नेछ । यस समितिमा क्षेत्रीय खेलकुद विकास समितिको उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्षले क्षेत्रीय खेलकुद विकास समितिका सदस्यहरुमध्येबाट बढीमा ३( तीन) जना सदस्य मनोनित गर्न सक्नेछ ।

३. कार्य सञ्चालन समितिले परिषद्बाट हुने वार्षिक कार्यक्रम तथा बजेट र नीतिगत कुराहरु क्षेत्रीय खेलकुद विकास समितिमा पेश गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**१३. <u>क्षेत्रीय खेलकुद विकास समितिको अधिकार र कर्तव्यः</u>**

(क) कार्यकारिणी समितिको अधिकार, कर्तव्य कार्यकारिणी समितिमा निहित रहनेछ ।

(ख) परिषद्को ऐन र नियमको पालना गर्नु क्षेत्रीय खेलकुद विकास समितिको कार्यकारिणी समितिको कर्तव्य हुनेछ ।

(ग) परिषद्ले समय-समयमा दिएका नीतिनिर्देशनको पालना गर्दै सो लाई कार्यान्वयन गर्नु क्षेत्रीय खेलकुद विकास समितिको कर्तव्य हुनेछ ।

(घ) क्षेत्रभित्रका खेलकुद विकास समितिहरु र खेलसम्वन्धी खेलकुद संस्थाहरुलाई आवश्यक निर्देशन दिनु ।

(ङ) सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यक्रमहरु पारित गरी लागू गराउनु ।

(च) क्षेत्रीय खेलकुद विकास समितिको बार्षिक कार्यक्रम बजेट तयार गरी परिषद्बाट अनुमोदन गराई लागू गर्नु ।

(छ) क्षेत्रीय खेलकुद विकास समितिको हरहिसावको चौमासिक र बार्षिक विवरण परिषद्मा पठाउनु ।

(ज) क्षेत्रीय खेलकुद विकास समितिको बार्षिक, अल्पकालिन तथा दीर्घकालीन योजना बनाई लागू गराउनु ।

(झ) क्षेत्रभित्रका रंगशाला, खेल मैदान, कभर्डहल आदिको संरक्षण र सम्वर्द्धन गर्नु /गराउनु ।

(ञ) जिल्ला खेलकुद विकास समितिको बार्षिक कार्यक्रम पारित गरी लागू गराउने ।

(ट) क्षेत्रभित्रका खेलकुद विकास विस्तार गराउन आवश्यक कार्यसमिति वा उप-समितिहरु गठन गर्नु ।

(ठ) परिषद्द्धारा तोकिएको लेखा परिक्षकबाट क्षेत्रीय खेलकुद विकास समितिको हरहिसावको वार्षिक लेखा परिक्षण गराई सोको प्रतिवेदन परिषद्मा पठाउनु ।

(ड) जिल्ला खेलकुद विकास समितिको हरहिसाब जाँच गर्नु ।

(ढ) परिषद्को नीति, निर्देशनअनुरुप आवश्यक कर्मचारीहरुको नियुक्त गर्ने ।

(ण) खेलकुद विकास लागि अन्य कार्यक्रम सम्पादन गर्नु/गराउनु ।

(त) क्षेत्रीय खेलकुद विकास समितिले आफ्नो कार्यक्रमहरु सञ्चालन गर्न आत्मनिर्भरतातर्फ उन्मुख भई स्थानिय स्तरमा आर्थिक स्रोत जुटाउन आवश्यक पहल गर्ने ।४०

(थ) स्थानीय स्तरमा खेलाडीहरु खेलहरुप्रति समर्पित हुन प्रोत्साहित हुने बातावरण तयार गर्न विभिन्न कार्यहरु गर्ने गराउने ।४१

(द) आफ्नो क्षेत्रभित्र रहेका खेलकुदसम्वन्धी संघ संस्था वा क्लबहरु लगायत खेलसँग सम्वन्धीत व्यक्तिहरु समेतसँग समन्वय कायम गरी कार्य गर्ने । ४२

(ध) परिषद्बाट भएको निर्देशन तथा क्षेत्रभित्र आवश्यकता देखिएको विभिन्न स्तरका खेलकुदसम्वन्धी प्रशिक्षण, सभा, सम्मेलन तथा गोष्ठीहरुको आयोजना गर्ने ।४३

**४०. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा शंशोधित**

***४१. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा शंशोधित***

**४२. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्धारा शंशोधित**

**१४. कार्यालय :**

क्षेत्रीय खेलकुद विकास समितिको कार्यालय सम्वन्धीत क्षेत्रमा राष्ट्रिय खेलकुद परिषद्ले तोकेको स्थानमा रहनेछ ।

**१५. पदावधिः**

क्षेत्रीय खेलकुद विकास समितिको पदाधिकारी तथा सदस्यको पदावधि ४ (चार) बर्षको हुनेछ ।

१६. क्षेत्रीय खेलकुद विकास समितिको उद्देश्यहरु प्राप्तिका लागि आवश्यकीय व्यवहारिक कार्यक्रमहरुको तर्जुमा गर्ने, पदाधिकारीहरुको काम कर्तव्य र अधिकार लगायत बैठकसम्वन्धी व्यवस्था, आर्थिक स्रोतका परिचालन कर्मचारीको नियुक्ति, तलव, भत्ता, पारिश्रमिक र अन्य प्रक्रियागत व्यवस्थाहरु एउट छुट्टै विनियममा व्यवस्था गरी जारी गर्न सक्नेछ । ४४

**१७. आर्थिक श्रोत र कोष :**

(क) क्षेत्रीय खेलकुद विकास समितिको एउटा कोष हुनेछ । जसमा देहायबमोजिमका रकम रहनेछ :

(१) राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त रकम,

(२) विभिन्न कार्यक्रम प्रस्तुत गरी जम्मा हुन आएको रकम वा पुरस्कारको रकम,

(३) परिषद् र क्षेत्रीय खेलकुद विकास समितिको हित ,उद्देश्य, नीति र स्वार्थमा धक्का नलाग्ने गरी प्राप्त हुन आएको चन्दा वा आर्थिक अनुदान वा दान, दातव्य ।

(४) क्षेत्रीय खेलकुद विकास समितिले कसैबाट लिएको ऋण रकम ।

१८. दफा १७ को(क) को खण्ड (४) बमोजिमको ऋण लिँदा राष्ट्रिय खेलकुद परिषद्बाट स्वीकृती प्राप्त भएपछि क्षेत्रीय खेलकुद विकास समितिले आफ्नो जिम्मेवारीमा लिनुपर्नेछ ।

**४३. खेलकुद विकास नियम (चौथो संशोधन २०६३) द्वारा शंशोधित**

**४४. खेलकुद विकास नियम(पाँचौ संशोधन २०६३) द्वारा शंशोधित**

**१९. <u>जिल्ला खेलकुद विकास समिति :</u> ४५**

(१) **<u>जिल्ला खेलकुद विकास समिति गठन देहाय बमोजिम हुनेछ :</u>**

| | |
|---|---|
| (क) परिषद्ले मनोनित गरेको व्यक्ति | अध्यक्ष |
| (ख) परिषद्ले मनोनित गरेको व्यक्ति | उपाध्यक्ष |
| (ग) परिषद्ले मनोनित गरेको व्यक्ति | कोषाध्यक्ष |
| (घ) प्रतिनिधि(अधिकृत स्तर) जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ङ) प्रतिनिधि (अधिकृत स्तर) नेपाली सेनाका जिल्ला स्थित कार्यालय | सदस्य |
| (च) प्रतिनिधि(अधिकृत स्तर) सशस्त्र प्रहरी बलका जिल्ला कार्यालय | सदस्य |
| (छ) प्रतिनिधि(अधिकृत स्तर) नेपाल प्रहरी जिल्ला कार्यालय | सदस्य |
| (ज) प्रतिनिधि(अधिकृत स्तर) जिल्ला शिक्षा कार्यालय | सदस्य |

(झ) खेलकुदसँग सम्वन्धीत व्यक्तिहरुमध्येबाट परिषद्द्वारा मनोनित

कम्तीमा ३ जना महिला सहित ७ जना सदस्य

(ञ) जिल्ला खेलकुद संघहरुमध्येबाट परिषद्द्वारा मनोनित २ जना सदस्य

(ट) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख सचिव

## २०. जिल्ला खेलकुद विकास समितिको अधिकार र कर्तव्य :

(क) परिषद्को ऐन, नियम क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समितिको विनियम विधानको परिधिभित्र रही कार्य सम्पादन गर्न/गराउनु जिल्ला खेलकुद विकास समितिको मूल कर्तव्य हुनेछ।

(ख) परिषद् र क्षेत्रीय खेलकुद विकास समितिको नीति र निर्देशनहरुको पालना गर्नुपर्नेछ।

## ४५. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्वारा शंशोधित

(ग) जिल्ला खेलकुद विकास समितिले जिल्लाभित्रका जिल्लास्तरीय खेलकुद संघसस्थाहरु र स्थानीय क्लव वा टिमहरुलाई आवश्यक निर्देशन दिनेछ। साथै आवश्यकतानुसार समय-समयमा उक्त संस्थाहरुको हिसाव-कितावको जाँचबुझ गर्न सक्नेछ।

(घ) जिल्ला खेलकुद विकास समितिले नयाँ आर्थिक वर्ष शुरु हुनभन्दा अगावैपरिषद्ले र क्षेत्रीय खेलकुद विकास समितिले तोकेको ढाँचामा आगामी आर्थिक वर्षका लागि जिल्ला खेलकुद विकास समितिको बजेट बनाई स्वीकृतिका लागि सम्वन्धीत क्षेत्रीय खेलकुद विकास समितिमा पठाई एक प्रति परिषद्मा जानकारीका लागि पठाउनुपर्नेछ।

(ङ) जिल्ला खेलकुद विकास समितिले क्षेत्रीय खेलकुद विकास समितिको निर्देशानुसार प्रगति प्रतिवेदनहरु पठाउनु पर्नेछ। एक प्रति प्रतिवेदन जानकारीका लागि परिषद्मा पनि पठाउनुपर्नेछ।

(च) जिल्लाका खेलकुदको विकासका लागि विभिन्न समिति र उप-समितिहरु गठन गर्नेछ।

(छ) प्रत्येक आर्थिक वर्षको ६ महिनाभित्र जिल्ला खेलकुद विकास समितिको लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदन क्षेत्रीय खेलकुद विकास समिति र परिषद्मा पठाउनु पर्नेछ ।

(ज) जिल्लास्तरीय खेलकुद योजना तथा कार्यक्रम बनाई तद्नुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(झ) जिल्ला खेलकुद विकास समितिका लागि आर्थिक स्रोत र साधनहरु जुटाउने ।

(ञ) परिषद्बाट स्वीकृत बार्षिक खेल प्रतियोगिताहरु बाहेक जिल्लामा सञ्चालन हुने अन्य विभिन्न खेल प्रतियोगिताहरु लाई स्वीकृतिका लागि क्षेत्रीय खेलकुद विकास समितिमा सिफारिस गरी पठाउने ।

(ट) राष्ट्रिय खेलकुद परिषद्को लगतमा दर्ता हुन चाहने विभिन्न खेलकुद सम्वन्धी संघ, संस्थाहरुको विनियम, विधान र कार्यक्रम मस्यौदा हेरी परिषद्को ऐन, नीति र नियम अनुकुल भएमा त्यस्ता संस्थाहरुलाई दर्ता गर्न परिषद्मा सिफारिस गरी पठाउने ।

(ठ) जिल्ला खेलकुद विकास समितिले जिल्लाभित्र भएका सवै खेल मैदानहरु कभर्डहल र स्पोटर्स कम्प्लेक्स इत्यादिको सुरक्षा सम्भार तथा परिषद् एवम् क्षेत्रीय खेलकुद विकास समितिको निर्देशनअनुसार प्रयोग गर्नु /गराउनु पर्नेछ ।

(ड) जिल्लामा सञ्चालन हुने विभिन्न खेलसम्वन्धी प्रतियोगिताहरु, कार्यक्रमहरुको प्रत्येक खेल वा कार्यक्रम समाप्त भएपछि आम्दानी-खर्चको वासलात तयार गरी परिषद्, क्षेत्रीय खेलकुद विकास समितिमा जानकारीका लागि पठाउनुपर्नेछ ।

(ढ) सवै जिल्लास्तरीय खेलकुदसम्वन्धी संघ, संस्था र क्लवहरुबीच समन्वय कायम गर्ने ।

(ढ.१) जिल्लास्तरीय खेलकुदसम्वन्धी संध,संस्था तथा क्लबहरुको दर्ता तथा नवीकरण गर्ने **४६**

(ढ.२) आफ्नो क्षेत्रअन्तर्गतका नगरपालिका र गाविसहरुमा आवश्यकता अनुसार नगर तथा गाउँस्तरीय खेलकुद विकास समिति गठन गर्न सक्ने।**४७**

**२० (क) नगर तथा गाउँ खेलकुद विकास समिति :४८**

(१) जिल्ला खेलकुद विकास समितिले आवश्यकतानुसार नगरपालिका क्षेत्रमा नगर खेलकुद विकास समिति र गाउँ क्षेत्रमा गाँउ खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको खेलकुद विकास समिति गठन गर्दा नगरपालिका क्षेत्रमा उप-प्रमुखको अध्यक्षतामा र गाँउ क्षेत्रमा गाउँ विकास समितिको उपाध्यक्षको अध्यक्षतामा बढीमा १५ जनामा नबढाई नगर तथा गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।**४९** तर,

**४६. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा थप गरिएको )**

**४७. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा शंशोधित**

**४८. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा थप गरिएको )**

**४९. खेलकुद विकास नियम(पाँचौं संशोधन २०६४) द्धारा थप गरिएको )**

नगरपालिका र गाउँ विकास समितिको गठन भइनसकेको अवस्थामा जिल्ला खेलकुद विकास समितिले तोकिदिएको सम्वन्धित नगरपालिका वा गाविसले कुनै व्यक्तिको अध्यक्षतामा नगर तथा गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(३) नगर तथा गाउँ खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) परिषद्को ऐन, नियम तथा क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समितिको नीति तथा निर्देशन भित्र रही कार्य सम्पादन गर्नु/गराउनु

(ख) जिल्ला खेलकुद विकास समितिको काममा आवश्यक सहयोग पुऱ्याउनु ।

(ग) नगर तथा गाउँस्तरीय खेलकुद सम्वन्धी संघसंस्था, क्लब तथा विद्यालयहरुबीच खेलकुद सम्वन्धी कार्यमा समन्वय मिलाउनु ।

(घ) जिल्ला खेलकुद विकास समितिले तोकेको अन्य कार्यहरु गर्नु ।

**२१ . कार्यालय :** जिल्ला खेलकुद विकास समितिको कार्यालय राष्ट्रिय खेलकुद परिषद्बाट अन्यत्र तोकिएमा बाहेक सामान्यतया जिल्लाको सदरमुकाममा रहनेछ ।

२२ **पदावधि :** जिल्ला खेलकुद विकास समितिको पदाधिकारी तथा सदस्यको पदावधि ४ (चार) बर्षको हुनेछ ।

२३. जिल्ला खेलकुद विकास समितिको उद्देश्य, कार्यक्रमहरु, पदाधिकारीहरुको काम, कर्तव्य अधिकार बैठक सम्वन्धी व्यवस्था, आर्थिक कोष, पारिश्रमिक र भत्ता, कर्मचारी नियुक्ति तलब भत्ता र अन्य प्रक्रियागत व्यवस्था समेतलाई समेट्ने गरी परिषद्ले जिल्लाहरुमा एकरुपता कायम गर्नका लागि एउटा छुट्टै विनियम पारित गरी लागू गर्नेछ ।

## २४. आर्थिक स्रोत र कोष :

(क) जिल्ला खेलकुद विकास समितिको आफ्नो छुट्टै कोष हुनेछ, जसमा देहायबमोजिमका रकमहरु रहनेछन्:

(१) नेपाल सरकार, परिषद् र क्षेत्रीय खेलकुद विकास समितिबाट प्राप्त हुने नगदी वा जिन्सी अनुदान ।

(२) विभिन्न कार्यक्रमहरु प्रस्तुत गरी जम्मा हुन आएका रकम र पुरस्कारका रकम ।

(३) परिषद् र जिल्ला खेलकुद विकास समितिको हित, उद्देश्य, नीति र स्वार्थमा धक्का नलाग्ने गरी प्राप्त हुन आएको चन्दा ,दान, दातव्य वा आर्थिक अनुदान ।

(४) जिल्ला खेलकुद विकास समितिले कसैबाट लिएको ऋण रकम ।

(ख) नियम २४ को(क) को खण्ड (४) बमोजिम जिल्ला खेलकुद विकास समितिले ऋण लिँदा परिषद्को स्वीकृति प्राप्त गरी जिल्ला खेलकुद विकास समितिको बैठकबाट निर्णय गराई जिल्ला खेलकुद विकास समितिको आफ्नो जिम्मेवारीमा ऋण लिनुपर्नेछ ।**५०**

(ग) खेलकुद विकास समितिको कोष सञ्चालन निम्नानुसार हुनेछ :

(१) जिल्ला खेलकुद विकास समितिको खाता जिल्ला खेलकुद विकास समितिले निर्णय गरेअनुसारको कुनै बैंकमा खोलिने छ ।

(२) खाताको सञ्चालन अध्यक्ष-१ र सचिव वा कोषाध्यक्ष एक एक गरी दुई जनाको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-६

## (विविध)

**२५. खेलाडीलाई विशेष सहयोग गर्न सक्ने :**
अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका खेलाडीहरु अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका खेल वा प्रशिक्षणमा सहभागी हुँदा दुर्घटनामा परी मृत्यु भएमा अङ्गभङ्ग वा घाइते भएमा परिषद्ले त्यस्ता खेलाडी वा खेलाडीका परिवारलाई विशेष आर्थिक सहयोग दिन सक्ने छ ।

**५०. खेलकुद विकास नियम२०४९ (तेस्रो संशोधन २०६२) द्वारा संशोधित )**

२६. ऐनको दफा १३ बमोजिम दर्ता हुने खेलकुद सम्वन्धी सम्पुर्ण संघ, संस्थाहरुको दर्ता प्रक्रिया, काम, कर्तव्य, अधिकार, विधानको ढाँचामा तथा अन्य आवश्यक कुराहरुको हकमा ऐन, नियमको परिधिभित्र रही परिषद्ले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ । **५१**

२७. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र दर्तावाल सम्पुर्ण नेपाल ओलम्पिक कमिटी लगायतका राष्ट्रिय संघहरुले तथा अन्य संघ, संस्था तथा क्लबहरुले आ-आफ्नो बार्षिक प्रगति प्रतिवेदन, बार्षिक कार्यक्रम, आयव्यय प्रतिवेदन, बार्षिक साधारण सभाको माइन्युटको प्रतिलिपि लगायत अन्य समय -समयमा परिषद्ले तोकिदिएको विवरणसमेत परिषद्मा पेश गर्नुपर्नेछ ।

२८. ऐनको दफा १३ बमोजिम परिषद्मा संस्था दर्ता गर्न तथा नवीकरण गर्नका लागि निम्नानुसार दर्ता दस्तुर तथा नवीकरण दस्तुर कायम गरिएको छ ।

| **संस्थाको प्रकार** | **दर्ता दस्तुर** | **नवीकरण दस्तुर** |
|---|---|---|
| (क) संस्था तथा क्लवहरु | रु. १०००/- | वार्षिक ५००/- |

**२९. नवीकरण सम्वन्धी व्यवस्था :५२**
परिषद्मा दर्ता रहेका संघसंस्थाहरुले प्रत्येक वर्षको श्रावण मसान्तभित्र नवीकरण गरिसक्नु पर्नेछ । म्याद नाघी नवीकरण हुन नसके प्रत्येक वर्षको थप २५% दस्तुर लिई नवीकरण गरिदिन सकिनेछ । जिल्ला खेलकुद विकास समितिमा दर्ता भएका संघसंस्था तथा क्लवहरुले

सम्बन्धित जिल्ला खेलकुद विकास समितिमा नै नवीकरण गराउन सक्नेछ ।

३०. **<u>दर्ता खारेज गर्न सकिने :</u> ५३**

नियम २७ बमोजिम माग गरिएका कागजातहरु पेश नगर्ने र नियम २८ र २९ बमोजिम नवीकरण गर्नुपर्ने संघ, संस्था वा

**५१. खेलकुद विकास नियम(तेस्रो संशोधन २०६३) द्धारा शंशोधित )**

**५२. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा शंशोधित )**

**५३. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा शंशोधित )**

क्लवले ३ (तीन) वर्ष वा सोभन्दा बढी अवधिसम्म नवीकरण नगराई बसेमा त्यस्तो संघ संस्था वा क्लवलाई परिषद्ले परिषद्को तर्फबाट दिनुपर्ने सिफारिस, आर्थिक वा अन्य कुनै पनि सहयोग उपलव्ध गराउने छैन र त्यस्तो संघसंस्था वा क्लवलाई परिषद्ले निलम्बनमा राख्न, भङ्ग गर्न वा परिषद्मा भएको दर्तासमेत खारेज गर्न सक्नेछ ।

**३१. (क) <u>परिषद्को लोगो :</u>**

परिषद्को लोगो अनुसूची १ मा उल्लेख गरेबमोजिम हुनेछ ।

(क१) खेलकुद गान-अनुसुची (१) (क) उल्लेख भए बमोजिम हुनेछ । **५४**

(ख) परिषद्को पदाधिकारी तथा सदस्यहरुले परिषद्का अध्यक्ष समक्ष अनुसूची -२बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ । ५५

(ग) खेलकुद प्रतियोगिताहरुमा जज, रेफ्री, अम्पायरहरु र खेलाडीहरु समेतले शपथग्रहण लिनुपर्नेछ । उक्त सपथग्रहण अनुसूची ३ र ३ क मा उल्लेख गरेबमोजिम हुनेछ । **५६**

**३२. <u>रुपान्तरण :</u>** यस नियममा ठाउँठाउँमा प्रयुक्त 'श्री ५ को सरकार' भन्ने शव्दहरुको सट्टा 'नेपाल सरकार' भन्ने शव्दहरु राखी रुपान्तरण गरिएको छ। **५७**

**५४. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा संशोधित )**

५५. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा संशोधित )

५६. खेलकुद विकास नियम(तेस्रो संशोधन २०६२) द्धारा थप गरिएको )

५७. खेलकुद विकास नियम(चौथो संशोधन २०६३) द्धारा थप गरिएको )

अनुसुची -१

नियम ३० को खण्ड -क) सँग सम्वन्धीत

राष्ट्रिय खेलकुद परिषद्

राष्ट्रिय खेलकुदको लोगो

अनुसुची -१ क

(नियम ३१ को खण्ड (१क) सँग सम्वन्धीत)

राष्ट्रिय खेलकुद परिषद्

**खेलकुद गान**

**हामी खेलाडी हौ, हाम्रो देश नेपाल**

**नेपालीको शान उठोस्**

**भइकन उच्च हिमाल**

**खेलाडी हामी हौं खेलाडी -२**

खेल्छौ हामी खेल, राख्न सबैसँग मेल

आपस हृदय छुन, सब नै एक हुन

खेलै ले, बगाउँछौ २ मितेरीको भेल

नेपाली नेपाली नेपाली -२

हामी खेलाडी हौ, हाम्रो देश नेपाल

नेपालीको शान उठोस

भइकन उच्च हिमाल

खेलाडी हामी हौं खेलाडी -२

अनुसुची -२ क

(नियम ३१ को खण्ड (ख) सँग सम्वन्धीत)

राष्ट्रिय खेलकुद परिषद्

शपथग्रहण

म राष्ट्रिय खेलकुद परिषद्को पदाधिकारी/सदस्य............................. पदको जिम्मा लिइरहेको महत्वपूर्ण घडीमा निम्नलिखित प्रतिज्ञा गर्दछु ।

म राष्ट्रिय खेलकुद परिषद्मा रहँदा राष्ट्रिय गौरव तथा स्वस्थ नागरिकका लागि खेलकुद भन्ने मूल नारालाई सार्थक बनाउँदै खेलकुदको मूल्य, मान्यता समेतलाई अक्षुण राख्दै निःस्वार्थ भावनाले इमानदारीपूर्वक आफ्नो कर्तव्यप्रति जागरुक रही खेलकुदको माध्यमबाट नेपालको गौरव, मान प्रतिष्ठा बढाउने कार्यमा सदैव अग्रसर रहिरहन्छु । आफ्नो पदीय कार्यमा लगनशील भई कार्य गर्दै आफ्नो पदीय दायित्वको निर्वाह गर्नेछु र आफ्नो पदअनुरुपको कार्य सम्पादन गर्दा प्राप्त हुने सवै खालका गोपनीयतालाई समेत जोगाइराख्नेछु ।

| | |
|---|---|
| **सपथ ग्रहण गराउनेको** | **सपथ ग्रहण गर्ने पदाधिकारी** |
| | **सदस्य .....................को** |
| **दस्तखत :** | **दस्तखत :** |
| **नाम :** | **नाम :** |
| **पद :** | **पद :** |
| **मिति :** | **मिति :** |

## अनुसुची -३

**(नियम ३१(ग) सँग सम्वन्धीत**

**खेलकुद प्रतियोगिता सञ्चालन गर्ने जज, रेफ्री तथा अम्पायरको तर्फबाट लिनुपर्ने शपथग्रहण :**

'म सम्पूर्ण जज, तथा अफिसियलहरुको तर्फबाट यस.......................... खेलका सम्पुर्ण नियमहरु निष्पक्ष रुपमा पालना गर्दै खेलकुदको उच्च आदर्श र मर्यादाअनुरुप खेलहरु खेलाईने प्रतिज्ञा गर्दछु ।'

अनुसुची -३(क)

(नियम ३१ (ग) सँग सम्वन्धीत

<u>खेलाडीहरुले लिनुपर्ने शपथग्रहण</u>

'म सम्पुर्ण खेलाडीहरुको तर्फबाट यस ....................खेलको सम्पुर्ण नियमहरुको पालना तथा आदर गर्दे खेलकुदको उच्च आर्दश र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु । '